नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, ललितपुर।

## विज्ञप्ति

इलाका प्रहरी कार्यालय, बाहविसे, सिन्धुपाल्चोकले तातोपानी भन्सार कार्यालयबाट जाँचपास भई आएको ना६ख ५४९६ नम्बरको कन्टेनर ट्रकमा चालकको सिट पछाडि क्याविनमा भन्सार प्रज्ञापन पत्र तथा बिल बीजक बिनाको ७४० गोटा इलेक्ट्रिक चुरोट (भेप) फेला पारी ट्रक चालक प्रविन खत्री र उल्लिखित ट्रक समेतलाई राजस्व चुहावट गरेको आशंकामा आवश्यक कारवाहीका लागि यस विभागमा पेश गरेकोमा विभागबाट अनुसन्धान कार्य सम्पन्न गरी राजस्व चुहावटको कसूरमा जिल्ला सिन्धुपाल्चोक, भोटेकोशी गाउँपालिका वडा नं. २ स्थायी ठेगाना भएका दल बहादुर खत्रीको नाति, हेम बहादुर खत्रीको छोरा **वर्ष ३४ को प्रविन खत्री** र मालधनी जिल्ला सिन्धुपाल्चोक, भोटेकोशी गाउँपालिका वडा नं. ०२ लिस्ती बस्ने ग्याल्जेन लामाको छोरा **वर्ष ३१ को दोर्जे लामा** विरुद्ध मुद्दा दायर गरिएको छ।

प्रस्तुत मुद्दामा दुवै प्रतिवादीहरुको पेशा ट्रक चलाउने रहेको र चीनबाट चोरी पैठारी गरेको भेप भन्सारबाट जाँचपास भएका मालवस्तु बोकेका ट्रकमा लुकाई छिपाई काठमाडौं ल्याएको देखिएको र भेप चोरी पैठारीको प्रकरणमा प्रतिवादीहरुले आपसमा पटक पटक फोन सम्पर्क गरी भन्सार चोरी पैठारी गर्न/गराउन योजनाबद्ध कार्य गरेको समेत देखिँदा प्रतिवादीहरुले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेध गरेको कार्य गरी सोही ऐनको दफा ४ को (क), (ख), (छ) र (झ) बमोजिम कसूर गरेको देखिएकोले ऐ. ऐनको दफा २(छ१)(ङ) बमोजिम उक्त भेपको बजारमूल्य समेतका आधारमा कुल बिगो रु.१८,२३,८२५।७९ कायम गरीएको।

अतः प्रस्तुत राजस्व चुहावटको कसूरमा राजस्व चुहावट(अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) बमोजिम विगो जफत गरी दुवै प्रतिवादीहरु दोर्जे लामा र प्रविन खत्रीलाई जनही बिगो रकमको शतप्रतिशतले हुने रकम रु. १८,२३,८२५।७९ जरिवाना गरी कुल रकम रु. ३६,४७,६५४।५८ **(अक्षरुपी रुपैंया छत्तीस लाख सत्चालीस हजार छ सय चौवन्न पैसा अन्ठाउन्न मात्र)** र ऐ. ऐनको दफा २३ को उपदफा (१)(क) बमोजिम हदैसम्मको कैद सजाय समेतको मागदाबी लिई सम्मानित उच्च अदालत पाटनमा मिति २०८२/०१/१७ गते अभियोगपत्र दायर गरिएको छ।

२०८२/०१/१७

(कृष्ण कुमारी श्रेष्ठ)
प्रवक्ता/उपमहानिर्देशक